कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९७ ❐ शनिवार, २३ साउन, २०८३ ❐ Saturday, 8 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

रातभर जाग्राम बसे पनि बिहान उजाड हुन्छ बारी

दैलेख जिल्लाका विभिन्न क्षेत्रमा बदेल र बाँदरको आतंकका कारण किसानहरू वर्षौंदेखि समस्यामा परेका छन्। रातभरि बाली कुरेर बसे पनि एकछिन आँखा झिम्किँदा बदेलले मकै, गहुँ, आलु लगायतका बाली सखाप पार्ने गरेको किसानहरूको गुनासो छ।

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २२ साउन

रातको करिब २ बजेको समय, अधिकांश मानिस गहिरो निद्रामा हुन्छन्। तर दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-३ चाम्रेकोटका किसान देवीराम सुवेदी लगायतका कृषक भने हातमा टर्च, लठ्ठी र टिनको डिब्बा बोकेर मकैबारीको डिलमा बसेका हुन्छन्। उनीहरू रातभरि जाग्राम बस्छन्, किनकि उनीहरूको निद्राभन्दा महत्त्वपूर्ण भएको छ, आफ्नो वर्षभरिको मेहनत जोगाउने संघर्ष, तर प्रकृतिले पनि सधैं साथ दिँदैन। एकछिन आँखा झिम्कियो कि त्यही बेला बदेल बारीमा पस्छ। केही मिनेटमै हरियो मकैबारी उजाड मैदानमा परिणत हुन्छ। रातभरि बारी कुरेर बस्छौं। जब एकछिन सुत्न घर फर्किन्छौं, त्यही बेला बदेल आएर सबै मकै सखाप पारिदिन्छ। अब खेती गर्नुको अर्थ नै हराउँदै गयो, कृषक सुवेदीको पीडा हो।

दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-३ अन्तर्गत जागपानी, चाम्रेकोटलगायतका गाउँमा यो कुनै एक रातको घटना होइन। वर्षौंदेखि दोहोरिँदै आएको पीडा हो। यहाँका किसानका लागि खेती गर्नु भनेको उत्पादन बढाउने होइन, बदेल र बाँदरसँग दैनिक युद्ध लड्नुजस्तै भएको छ।

अहिले मकै घोगा हाल्ने तयारीमा छ। किसानहरू राम्रो उत्पादनको आशामा छन्। तर यही समयमा बदेलको आतंक मच्चाएको छ।



रातारात बारी पस्ने बदेलले घोगा लाग्न लागेको मकै नष्ट गरिदिँदा किसानको वर्षभरिको पसिना माटोमा मिल्ने गरेको छ। सोही ठाउँका स्थानीय कृषक तिलक तिमल्सिना भन्छन्, गत हिउँदमा असिना पानीले बाली नष्ट गऱ्यो। अहिले बाँकी रहेको मकै पनि बदेलले खायो। अब परिवार कसरी पाल्ने भन्ने चिन्ताले रातदिन सताइरहेको छ।

अर्का कृषक चेतन तिमल्सिनाको अवस्था पनि उस्तै छ। उनी भन्छन्, आलु लगायो आलु खान्छ, गहुँ लगायो गहुँ खान्छ, मकै लगायो मकै खान्छ। आखिर किसानले के लगाउने? उनीहरूका अनुसार बदेल मात्रै होइन, बाँदरले पनि खेतीपातीमा ठूलो क्षति पुऱ्याइरहेको छ। फलफूलदेखि अन्नबालीसम्म कुनै पनि उत्पादन सुरक्षित छैन। वर्षभरि मेहनत गरेर लगाएको बाली पाक्ने बेलामा वन्यजन्तुले सखाप पारेपछि किसान निराश बन्दै गएका छन्।

सबैभन्दा दुःखद पक्ष के छ भने, किसानको यो समस्या नयाँ होइन। दशकौंदेखि दोहोरिँदै आएको समस्या हो। तर समाधानका लागि न स्थानीय सरकारले प्रभावकारी योजना ल्याउन सकेको छ, न प्रदेश र संघीय सरकारले दीर्घकालीन रणनीति बनाउन सकेका छन्। जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकारलाई मानिन्छ। तर चामुण्डाबिन्द्रासैनी नगरपालिका-३ का किसानहरू भने आफूहरू सरकारको नजरबाटै ओझेलमा परेको गुनासो गर्छन्। बदेल नियन्त्रण बाली संरक्षण, विद्युतीय बार, क्षतिपूर्ति वा वन्यजन्तु व्यवस्थापनजस्ता विषयमा ठोस कार्यक्रम नआउँदा किसानको निराशा बढ्दो छ।

समस्या चामुण्डाबिन्द्रासैनी-३ मा मात्र सीमित छैन। वडा नम्बर-२ सिरवलमा पनि बदेल आतंक उस्तै छ। दैलेखका भैरवी गाउँपालिका, ठाँटीकाँध गाउँपालिका, नारायण नगरपालिका लगायतका क्षेत्रमा पनि किसानहरू यही समस्याबाट आक्रान्त छन्। वन्यजन्तु संरक्षण आवश्यक छ। तर संरक्षणको नाममा किसानको जीविकामाथि निरन्तर प्रहार हुनु स्वीकार्य हुन सक्दैन। किसानले आफ्नो उत्पादन बचाउन रातभरि जाग्राम बस्नुपर्ने, परिवारसँग समय बिताउन नपाउने र अन्ततः खाली हात फर्किनुपर्ने अवस्था लोकतान्त्रिक राज्यका लागि लज्जाको विषय हो।

कृषि उत्पादन बढाउने, आत्मनिर्भर बन्ने र किसानलाई प्रोत्साहन गर्ने नारा हरेक वर्ष दोहोरिन्छ। तर खेतमा पस्ने बदेल रोक्ने कुनै प्रभावकारी योजना नहुँदा ती नारा कागजमै सीमित भएका छन्। यदि यस्तै अवस्था रहिरह्यो भने किसानले खेती छाड्ने दिन टाढा छैन। खेत बाँझो हुनेछन्, गाउँ रित्तिनेछन् र खाद्य सुरक्षामै गम्भीर संकट उत्पन्न हुनेछ।

किसानको माग धेरै ठूलो छैन। उनीहरू बदेल नियन्त्रण, बाली संरक्षणका आधुनिक उपाय, विद्युतीय वा सुरक्षित तारबार, आवश्यक क्षतिपूर्ति र दीर्घकालीन वन्यजन्तु व्यवस्थापन योजना मात्रै चाहन्छन्। अब पनि सम्बन्धित निकाय मौन बस्ने हो भने दैलेखका किसानका लागि बदेल कुनै वन्यजन्तु मात्र रहने छैन, भोक, गरिबी र विस्थापनको अर्को नाम बन्य अबस्था आउने पक्का छ।

अनावश्यक रूपमा ग्यास सञ्चय नगर्न उद्योगमन्त्रीको निर्देशन



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २२ साउन

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले ग्यास वितरणमा हाल देखिएको असहजता केही दिनमा पूर्ण रूपमा समाधान हुने दाबी गरेकी छिन्।

शुक्रबार प्रतिनिधिसभाको बैठकमा सदनमा उठेको प्रश्नको जवाफ दिँदै उनले सो दाबी गरेकी हुन्।

'हाल देखिएको असहजता केही दिनमा पूर्ण रूपमा समाधान हुने भएकाले अफवाह र भ्रमपूर्ण सूचनाको पछि नलागी आवश्यकता अनुसार मात्र ग्यास खरिद गर्न र अनावश्यक सञ्चय नगर्न म सम्पूर्ण उपभोक्ता वर्गमा हार्दिक आग्रह गर्दछु,' उनले भनिन्।

'सहज र न्यायोचित वितरण सुनिश्चित गर्न वैकल्पिक सिलिन्डर नभएको सर्वसाधारणलाई पहिचान गरी प्राथमिकतापूर्वक वितरण गर्ने व्यवस्था तत्काल मिलाउन तथा ग्यास खरिदकर्ताको विवरण राख्न सबै डिलरहरूलाई आग्रह गर्दछु', उनले थपिन्।

मिडिया काउन्सिल विधेयक मस्यौदामाथि छलफल :

प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारितालाई बलियो बनाउनुपर्ने सुझाव

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २२ साउन

सूचना तथा सञ्चार मन्त्रालयले 'मिडिया काउन्सिल विधेयक, २०८३' को मस्यौदामाथि सञ्चार क्षेत्रका सरोकारवालासँग छलफल गर्दै सुझाव सङ्कलन थालेको छ।

मन्त्रालयमा शुक्रवार आयोजित छलफलमा विभिन्न सञ्चारमाध्यमका सम्पादक तथा प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल तथा पत्रकारिता क्षेत्रसँग सम्बन्धित स्वतन्त्र सञ्चसंस्थाका प्रतिनिधिहरू सहभागी थिए। विधेयकमा समेटिनुपर्ने विषय, वर्तमान सञ्चार क्षेत्रका चुनौती तथा नियामकीय



व्यवस्थाबारे विस्तृत सुझाव सङ्कलन गरिएको हो।

सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सरोकारवालाबाट प्राप्त सुझावका आधारमा उत्कृष्ट, कार्यान्वयनयोग्य र भविष्यमुखी विधेयक तयार पारिने बताए। उनले सरकार प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रेस स्वतन्त्रताको सुनिश्चितताबिनाको लोकतन्त्र सुदृढ हुन नसक्ने धारणा व्यक्त गरे। 'प्रेस स्वतन्त्रता नभएको लोकतन्त्र बलियो हुन सक्दैन। तर जवाफदेहिता र उत्तरदायित्वविहीनसञ्चारमाध्यम पनि लोकतन्त्रका लागि योगदान गर्न सक्दैनन्', उनले भने। सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकारले प्रेस स्वतन्त्रता र जिम्मेवार पत्रकारितालाई समानान्तर रूपमा सुदृढ बनाउन चाहेको स्पष्ट पार्दै स्वच्छ, मर्यादित र उत्तरदायी पत्रकारिताको विकासका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिल स्थापना गर्ने उद्देश्य रहेको स्पष्ट पारे।

अहिलेको छलफल विधेयकको अन्तिम चरण नभई प्रारम्भिक परामर्श भएको उल्लेख गर्दै उनले आगामी दिनमा पर्याप्त छलफल र सुझाव लिई परिष्कृत बनाउँदै लगिने *बाँकी पृष्ठ ३*

भदौमा फेरि आन्दोलन गर्ने शिक्षक महासंघको घोषणा

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २२ साउन

नेपाल शिक्षक महासंघको तेह्रो राष्ट्रिय परिषद्को बैठकले आउँदो भदौमा पुनः आन्दोलन गर्ने निर्णय गरेको छ। शिक्षक महासंघ र सरबारबीच भएका पटक-पटकका सहमति कार्यान्वयनका साथै समसामयिक नयाँ शैक्षिक तथा पेसागत मासहित यसअघिको भन्दा ठूलो र व्यापक आन्दोलन गर्ने निर्णय भएको महासंघले शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो।

सरकारले शिक्षकसँग गरेका सहमति कार्यान्वयनमा बेवास्ता गरेपछि पुनः आन्दोलनमा जान बाध्य भएको महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए। उनले भने, 'पहिलेको भन्दा ठूलो



र व्यापक आन्दोलन गर्नेगरी तयारी गरिरहेका छौं, आन्दोलनको मिति र कार्यक्रम तय गर्ने अधिकार परिषद्बाट बिस्तारित कार्यालयीय बैठकलाई प्रत्यायोजित गरिएको छ।'

यसअघि शिक्षकहरूले २० चैत २०८१ देखि काठमाडौंकेन्द्रित आन्दोलन गरेका थिए। उनीहरूको आन्दोलन २९ दिनसम्म चलेको थियो। १७ वैशाख २०८२ मा सरकारले शिक्षक महासंघसँग ९ बुँदे सहमति गरेको थियो। तर, एक वर्ष नाघिसक्दा पनि सरकारले सहमतिअनुसार शिक्षा ऐन नल्याएको भन्दै शिक्षकले फेरि आन्दोलनमा जाने निर्णय गरेका हुन्। तत्काल विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने, गुणस्तरीय विद्यालय शिक्षाको प्रबन्ध गर्नुपर्ने, शिक्षामा लगानी बढाउने, विद्यालयमा हुने राजनीतिक हस्तक्षेप अन्त्य गर्नेदेखि विद्यालय कर्मचारी र बालकक्षा र सिकाइ अनुदानका शिक्षकको दरबन्दी सिर्जना गर्ने र त्यही अनुसारको तलब भत्ता दिनुपर्ने माग महासंघको छ।

यसका साथै शिक्षा नियमावलीको दशौं संशोधनले गरेको अव्यावहारिक र शिक्षाविरोधी सरुवा व्यवस्था परिवर्तन गरी सरुवालाई सहज र शिक्षकमैत्री गराउनुपर्ने माग पनि शिक्षकहरूले राखेका छन्। प्रारम्भिक बाल कक्षाका शिक्षक र विद्यालय कर्मचारीको लागि पद तोकी दरबन्दी सिर्जना गर्न र त्योअनुसार तलबभत्ता उपलब्ध गराउनुपर्ने उनीहरूको भनाइ छ।

सिकाइ अनुदानका शिक्षकका लागि पनि दरबन्दी सिर्जना गरी दरबन्दीका शिक्षकसरह तलब भत्ताको व्यवस्था गर्न परिषद्ले सरकारसँग माग गरेको छ।

साहित्य

कथा

शहरकी बुहारी



✍ दुर्गा अधिकारी !दृशी!

शिलु र म प्राथमिक विद्यालयका सहपाठी । माध्यमिक विद्यालयको पढाइका लागि शिलु मामाघर चितवन गइन् भने मलाई चाहिँ शहरका स्कुल र कलेजमा अध्ययन गर्ने अवसर मिल्यो । धेरै वर्षपछि दशैँमा टीका लगाउन माइत जाँदा शुक्रबारे हाट, चकमके बजारमा अकस्मात् भेट भयो हाम्रो । गाडीबाट झर्नेबित्तिकै उनले मलाई चिनेझैँ गरिन् । मैले पनि उनको अनुहार नियालिरहेकी थिएँ ।

"ए, तिमीले मलाई चिनिनौ ? तिमी दुर्गा मिस होइनौ ?" उनले मुस्कुराउँदै सोधिन् ।

मैले पनि हाँस्दै भनेँ, "हो, पहिले मिस थिएँ, अहिले बेरोजगार छु ।"

यति भनेपछि उनी हाँसिन् र भनिन्, "अरे, म बिन्दा ! बिर्सियौ ? हामी कति मिल्ने साथी थियौँ सानोमा !"

यति सुन्नासाथ मैले उनलाई चिनिहालेँ । पहिले नै चिनेकी उसले मलाई अँगालोमा कसी । हामीले एकअर्कालाई अँगालोमा कस्यौ र मज्जाले हाँस्यौँ ।

चकमके बजार पहिलेभन्दा निकै ठूलो भइसकेको रहेछ । उनले चिया खाने प्रस्ताव गरिन् । हामी पीपलको चौतारातिर लाग्यौँ । बाटोमै डालोमा राखिएका रातामाटे काफल देखेर उनी एकछिन त्यतैतिर अल्मलिइन् । मैले चिया अर्डर गरेँ । केहीबेरमै चिया आयो । हामी चौतारामा बसेर चिया पिउँदै पुराना सम्झनामा हराउन थाल्यौँ ।

उनी भदाको विवाहमा माइत आएकी रहिछन् । म पनि दशैँ मनाउन गाउँ पुगेकी थिएँ । बाल्यकालका दुई साथी धेरै वर्षपछि भेट हुँदा हाम्रा स्मृतिका ढोका एकपछि अर्को खुल्न थाले । निष्कपट बाल्यकालका ती दिन सम्झँदा हामी खित्का छोडेर हाँस्यौँ ।

एकदिन सरस्वती पूजाका लागि धोबीडाँडाको जंगलमा पात टिप्न गएका थियौँ । फर्किँदा मेरो एउटा गोडाको चप्पल जंगलमै छुटेछ । घर पुगेपछि मात्र आमाले भन्नुभयो, "ए, तेरो अर्को चप्पल खोइ ?"

त्यतिबेला मात्र मैले एउटा गोडामा चप्पल नभएको थाहा पाएकी थिएँ । त्यो घटना सम्झेर हामी फेरि हाँस्यौँ ।

छुट्टिने बेला शिलुले भनी, "केही दिनपछि मेरो भदाको विवाह छ । विवाह सकेर म छिट्टै फर्किन्छु । तिमी पनि विवाहमा आउ न है । मेरो माइतमा बसौँला । रमाइलो गरौँला । म तिम्री आमासँग भेट्न पनि जान्छु ।"

मैले तुरुन्तै हुन्छ भन्न सकिनँ । "यो कुरा फोनमै गरौँला," भन्दै हामीले एकअर्काको फोन नम्बर टिप्यौँ ।

विवाहको दिन पनि आइपुग्यो । केही दिनअघि नै मैले शिलुको माइत जाने निर्णय गरिसकेकी थिएँ । मेरो माइती गाउँ र उनको माइती गाउँ वारिपारि भए पनि गाउँको बाटो भएकाले आउजाउ गर्न दिनभर लाग्थ्यो ।

म शिलुको माइत पुगेँ । घरमा निकै चहलपहल थियो । विवाहको तयारीले सबै व्यस्त थिए । त्यहीँ बसेर मैले एउटा परिवारलाई नजिकबाट नियाल्ने अवसर पाएँ । त्यो परिवारको सुख, दुःख, आशा, विश्वास र पछि घट्ने घटनाहरूले मेरो मनलाई गहिरोसँग छोयो । आज म त्यही परिवारको कथा सुनाउँदै छु ।

कोपिलाको घरमा विवाहको रौनक छाएको थियो । केही दिनपछि उनका दाजु सुमनको विवाह हुँदै थियो घर गाउँमै भए पनि पुख्यौँली सम्पत्ति प्रशस्त थियो । उनी परिवारका एक्ला छोरा थिए । आई.ए.सम्म पढेका सुमन गाउँमै बसेर खेतीपाती गर्थे । बुबाआमालाई पनि यही मन परेको थियो । उनीहरू भन्थे, "हामीलाई धेरै कमाएर ल्याउनु पर्दैन । खेतीपाती गरेर इज्जतका साथ खान पुग्छ ।"

सुमनका लागि सुनिता नामकी केटी रोजिएकी थिई । ऊ शहरकी भए पनि धेरै पढेकी थिइन । सामान्य अक्षर मात्र चिन्थी । सिलाइबुनाइको सामान्य तालिम लिएकी रहिछे ।

यस्तै केटी घरभित्रका सबै काम जान्ने, सासूलाई काम गर्न नदिने, संस्कारी र मेहनती हुन्छन् भनेर उसलाई रोजिएको थियो । पुरेतबाले केटीको घरमा गएर घिउभातको मेजमानी खाएर आएपछि भनेका रहेछन्, "कन्या असल छे । संस्कार राम्रो छ । यस्तो बुहारीले घर राम्ररी सम्हाल्छे ।" गाउँमा खेतीपातीमा पनि सघाउने, व्यवहार मिलाउने र घर सम्हाल्न सक्ने छोरीजस्तै बुहारी पाइयो भनेर सुमनका बुबाआमा प्रसन्न थिए । त्यसपछि विवाहको कुरा पक्का भएको थियो ।

शिलुले पनि मलाई त्यही कुरा सुनाउँदै भनी, "शहरकी भए पनि केटी धेरै राम्री, सोझी र संस्कारी छे । भगवानले चाहेजस्तै बुहारी पाइयो भनेर दाजुभाउजू निकै खुशी हुनुहुन्छ ।"

"नानी, यता हेर्नु त !"

आवाज आएतिर फर्केर हेर्दा कोपिलाकी आमा, अर्थात् शिलुकी भाउजू हुनुहुँदो रहेछ । उहाँले अलिक अप्ठ्यारो मान्दै भन्नुभयो, "एउटा डोको र नाम्लो बाँकी छ । पात टिप्न जाँदा नौ जना पुग्नुपर्छ । हामी अहिले आठ जना मात्रै भयौँ । हामीसँगै पात टिप्न जाऊ न, हुन्न ?"

मैले हाँस्दै भनेँ, "किन नहुने ? गाउँको रमाइलो काममा सहभागी हुन पाउनु त झन् खुशीको कुरा हो ।"

सबैले डोको र नाम्लो बोकेर आकासे सालको घना जंगलतर्फ लाग्यौँ । शुरूमा तेर्सो बाटो । त्यसपछि अलि उकालो । अनि जंगल । हिँड्दै जाँदा कसैले गीत शुरू गऱ्यो । सबैले त्यसैमा स्वर मिलाए । गाउँका ती पुराना भाका जंगलभरि गुञ्जिए ।

कोही रूखमा चढेर पात टिप्दै थिए, कोही तलैबाट पातका मुठा बनाउँदै थिए । हाँसो, ठट्टा र गीतले जंगल नै रमाइलो बनेको थियो ।

त्यस दिनको गीतमा सुमनकी फुपू अर्थात् शिलु र मैले केटा र केटीको भूमिका खेल्ने भयौँ ।

शिलु केटा बनिन्, म केटी बनेँ ।

शिलुले भाका हालिन्,-

"तिमी काँको, म हाँडीखोलाको,
म हाँडीखोलाको
माया छ कि भनेर बोलाको
झ्याम्मै टुनी बर
मायालाई राखे जुनीभर..."

गीतको पुरुष भाका सकिनासाथ सबैले ताली बजाए । अनि मैले हाँस्दै जवाफ फर्काएँ,-

"केको माया लाउँथ्यो र खुनिले,
लाउँथ्यो र खुनिले
घरको माया सम्झेर रुनेले,
झ्याम्मै टुनी बर, मायालाई राखे जुनीभर ..."

मेरो जवाफ सुन्नासाथ सबै साथीहरू गलल्ल हाँसे । कसैले ताली बजाए, कसैले गीत दोहोऱ्याउन लगाए । त्यो क्षणमा, जंगल हाँसोले भरिएको थियो । यसैबीच सबैको डोको पनि भरिइसकेको थियो । कसैको पातको मुठा नपुगेको रहेछ । हामीले मिलेर मुठा पुऱ्याइदियौँ । सबैको भारी तयार भएपछि हामी जंगलबाट अलि तल रहेको ठूलो बरपीपलको चौतारामा विश्राम गर्न पुग्यौँ । त्यहाँ चिसो धारा थियो । अञ्जुलीभरेर पानी खायौँ । कसैले मुख धोए, कसैले निधार भिजाए । गोमाले लहरे भाका निकाल्दै पात बजाउन थाली । वातावरण झन् रमाइलो बन्यो ।

भारी बोक्दा नाम्लोले निधारमा गहिरो डाम बसेको थियो । पसिनाले अनुहार भिजेको थियो । झुम्के सुनको बुलाकी ओठसम्म झरेको थियो । माइली भाउजुले पसिनाले भिजेको चिसो गम्छा पानीमा भिजाएर मुख पुछिन् र मलाई हाँस्दै सोधिन्, "तपाईंलाई गर्मी भएन काइली नानी !" मैले हाँसेर बिस्तारै "छ नि" भनेँ !

आज कथा लेख्दै सम्झँदै छु ती माइली भाउजुले यो संसारबाट बिदा लिइसकिन् भन्ने दुःखद् कुरा । अब माइली भाउजु सम्झनामा मात्र छिन् तर त्यो दिनको त्यो दृश्य मेरो आँखामा जस्ताको तस्तै ताजै छ ।

सुमनको विवाहको दिन । लामो बाटो पार गरेर शहरबाट दुलही गाउँ भित्रिइन् । घरभरि खुशी छायो । शिलुका दाजुको परिवार सानो थियो- बाबु, आमा, छोरो सुमन र छोरी कोपिला । अब नयाँ बुहारी आएपछि परिवार पाँच जनाको भयो ।

गाउँघरको चलनअनुसार नयाँ बुहारीलाई शुरूका केही दिन काम नलगाइने । संस्कारी बुहारीले आफूले जानेर सामान्य काम गरे पनि दुलही फर्काएपछि मात्रै नियमित रूपमा घरधन्दा सम्हाल्ने चलन । त्यसैले नयाँ दुलहीले ती दिन घरको काम गरिनन् । सबैले उनलाई आराम गर्न दिए ।

केही दिनपछि दुलही फर्काउने दिन आयो । गाउँको परम्पराअनुसार घरमा सेलरोटी, अनारसालगायत कोसेलीका अनेक परिकार पाके । गाउँभरिका आफन्त र छिमेकीबाट दूध जम्मा गरियो । ठूलो कराहीमा अँगेनाको आगोमा दिनभरि कुराउनी पकाइयो । आफ्नै भैँसीको दूधबाट बास्नादार घिउ तयार गरियो । शहरमा गाउँको जस्तो चुक अमिलो नपाइने भएकाले कागती र निबुवाको रस पकाएर सिसाको बट्टामा चुक पनि तयार पारियो ।

अब ती सबै कोसेली बोक्न दह्रो भरिया चाहियो । जमदार नाम गरेका भरिया पनि तयार भए । भोलिपल्ट सुमन र उनकी श्रीमती भरियासहित दुलही फर्काउन ससुरालीतिर लागे । ससुराली पुग्दा झमक्क साँझ परिसकेको थियो । लामो बाटो ... सुमन, उनकी दुलही र भरिया थाकेका थिए ।

सासूले शहरको चलनअनुसार राइस कुकरमा मसिनो चामलको भात पकाएकी थिइन् ।

भरिया जमदारलाई निकै भोक लागेको थियो । विचार पुऱ्याएर पहिले उसैलाई खाना दिइयो । उसले मासुसँग मसिनो चामलको भात मिठो मानेर खायो - एक पटक, दुई पटक, तीन पटक गरेर थप्दै । फेरि थप्ने कि भनेर हेर्दा भाँडो नै रित्तिसकेको !

सुमनको सासूले फेरि अर्को बान लगाइन् । त्यसपछि ज्वाईं र छोरीलाई खान बोलाइयो । सुमनले पनि ससुरालीको सत्कारलाई सम्मान गर्दै मिठो मानेर खाना खायो । आमाछोरीले भने नयाँ घर, नयाँ परिवार र नयाँ जीवनका कुरा गर्दै विस्तारै खाना खाए ।

केही दिन ससुराली बसेपछि सुमन र सुनिता गाउँ फर्किए ।

शुरूका केही दिन सबै कुरा सामान्यजस्तै देखिन्थ्यो । नयाँ बुहारी भएकाले कसैले पनि कुनै काम गर्न कर गरेनन् । घरका सबै सदस्यले उनलाई अपनत्व र माया दिएका थिए ।

तर भाउजु सुनिता सधैँ ढिलोसम्म सुत्ने । नन्द कोपिला भने गाउँको चलनअनुसार सधैँ नै सबैरै उठ्थी । घरआँगन सफा गर्थी, भाँडाकुँडा मिलाउँथी, खाना पकाउन आमालाई सघाउँथी र हतारहतार खाना खाएर विद्यालय जान्थी ।

सुमनकी आमा गोठको काम सकेर बासँग खेततिर जान्थिन् । घरको काम यसरी नै चलिरहेको थियो ।

केही महिना बिते । एक दिन बिहान सासूससुरा धान गोड्न खेत गएका थिए । उनीहरू फर्किएपछि सबैले सँगै खाना खाने गाउँको पुरानो चलन हो । सुनिता भने शहरमा हुर्केकी बुहारी । उसलाई खेत, मेला, गोठ, घाँसदाउरा र गाउँको कामधन्दाको बानी थिएन । कसैले जबर्जस्ती काम गर्न पनि लगाएनन् । घरभित्रको काम मात्रै गर्थी । त्यो दिन खाना पाकिसक्दा पनि सासूससुरा आइनपुगेका थिएनन् । उसले सुमनलाई भनी, "बाआमालाई राखिदिए हामी तातो खाना खाऔँ !"

"बाआमा आउनुहुन्छ, अनि खाने नि ! कहाँ पहिल्यै खाने हामीले!" सुमनले जवाफ दियो ।

एक बज्न लाग्यो । बल्ल सासूससुरा खेतबाट फर्किए । त्यै पनि कामले थकित भएर । घरभित्र पस्नेबित्तिकै सुनिताले असन्तुष्ट हुँदै भनी, "खाना सेलाइसक्यो । समयमै आउन मिल्दैन ? म सधैँ यसरी भान्सा कुरेर भोकै बस्न सक्दिनँ ।"


"छोरी, मेलाको काम सकेर आउँदा अलिक ढिलो भयो ।" ससुराले नम्र स्वरमा भने । सबै जना खाना खान बसे ।

तर सुनिताको मन शान्त भएन । उसले फेरि भनी, "अबदेखि म कसैलाई कुर्दिनँ । खाना खान घरका सबैले समयमै आइपुग्नुपर्छ ।"

बुबाआमाले एकअर्काको अनुहार हेर्नुभयो । सुमनले श्रीमतीलाई सम्झाउँदै भन्यो, "अहिले नै छुट्टै भान्सा बनाउने बेला भएको छैन । समय आएपछि सबै कुरा सोचौँला ।"

गजल

हरिया चुरा तिम्रा



✍ बसन्त शर्मा

खडेरीमा बोट सार्ने, हरिया चुरा तिम्रा !
पत्थरको सेखी झार्ने, हरिया चुरा तिम्रा !

शृङ्गारले ढकमक्क रूपको त्यो फूलबारीमा
माधुर्य झन् निखार्ने, हरिया चुरा तिम्रा !

हरेक बिहान पल्लो घरमा पन्छाउँदै झ्यालको पर्दा
खुसीको दिन उघार्ने, हरिया चुरा तिम्रा !

बेला-बेला रोकिएर छमछम बज्छन् नौटंकी
अर्काको मन बिगार्ने, हरिया चुरा तिम्रा !

लामो बाटो अलेटाले गर्दै हिँड्ने बानी आफ्नो
झमक्कै साँझ पार्ने, हरिया चुरा तिम्रा !

स्वार्थको झोला



✍ लीलाराज दाहाल

स्वार्थको झोला बोकेका छन् उनले
झोलामा खोला बोकेका छन् उनले !

केटाकेटी भनी भुलाउन होला
धेरै कोकाकोला बोकेका छन् उनले !

सानालाई भेटे त ताकेर हान्छन्
हातमा सोला बोकेका छन् उनले !

तस्करी गर्छन् सुन, जवाहरातको
तोलाका तोला बोकेका छन् उनले !

भित्र राक्षसीपन, बाहिर भने
मान्छेको चोला बोकेका छन् उनले !

पहिले मुख्यमन्त्री, अहिले किराना पसले



❐ काँक्रेविहार संवाददाता
धनगढी, २२ साउन

ओहो ! यसपटक त चामलको भाउ ह्वात्तै बढेछ ।'

'कति ?'

'कट्टामा चार सय रूपैयाँसम्म बढेको छ । गरिब र विपन्न परिवारलाई त चामल किन्न पनि गाह्रो हुँदै गएको छ ।'

ग्राहकतिर फर्किँदै सोध्छन्, 'तपाईंलाई के दिऊँ ?'

पसलमा आएका एक बुजुक व्यक्तिलाई पसलका सामान देखाउँदै उनी भन्दै थिए, 'गाउँघरका धेरै सामान छन् । बभ्काडको आलु छ, पहाडको मासको दाल छ, गहत, भटमास सबै पाइन्छ । यो जोरायलको बासमती चामल हो ।'

प्रत्येक दिन बिहानैदेखि राति अबेरसम्म यसरी ग्राहकसँग भलाकुसारी गर्दै व्यापार गरिरहने ती किराना पसले सुदूरपश्चिम प्रदेशका संस्थापक मुख्यमन्त्री त्रिलोचन भट्ट हुन् ।

अघिल्लो कार्यकालमा सुदूरपश्चिम प्रदेशमा पाँच वर्ष प्रदेश सरकारको नेतृत्व गरेका भट्ट अहिले धनगढी उपमहानगरपालिका-४, घरेलु चोकस्थित 'न्यू प्रस्थान किराना पसल' सञ्चालन गरिरहेका छन् । अघिल्लो वर्ष वैशाखदेखि सुरु गरेको यो पसल अहिले उनको दैनिक जीवनको मुख्य आधार बनेको छ । राजनीति छँदैछ, तर त्यससँगै उनले श्रम र व्यवसायलाई पनि आफ्नो जीवनको अभिन्न हिस्सा बनाएका छन् ।

'राजनीतिलाई व्यापार बनाउनु हुँदैन,' भट्ट स्पष्टसँग भन्छन्, 'आर्थिक रूपमा आत्मनिर्भर हुन व्यापार गर्नुपर्छ भन्ने लागेर यो व्यवसाय सुरु गरेको हुँ । मुख्यमन्त्रीको कार्यकाल सकिएपछि ऋण लिएर पसल खोलेँ । अहिले पनि त्यो ऋण पूर्ण रूपमा तिर्न सकेको छैन ।' उनको यो स्वीकारोक्ति आजको राजनीतिक संस्कृतिमा फरक सुनिन्छ । जहाँ सत्ता सकिएपछि पनि विशेष सुविधा खोज्ने प्रवृत्ति देखिन्छ, त्यहीँ पूर्वमुख्यमन्त्री भट्ट भने ग्राहकलाई चामल, दाल र नुन तौलिरहेका भेटिन्छन् । त्रिलोचन भट्टको जीवनयात्रा संघर्षले भरिएको छ । मुख्यमन्त्री हुनुअघि उनी खेतीपाती गर्थे, लामो समय भारतमा मजदुरी पनि गरे । नेपाल फर्किएपछि पूर्णकालीन राजनीतिमा सक्रिय भए ।

२०६४ र २०७० सालको संविधानसभा निर्वाचनमा डोटीबाट पराजित भएका उनले हार मानेनन् । अन्ततः २०७४ सालको निर्वाचनमा डोटी (ख)बाट प्रदेशसभा सदस्य निर्वाचित भए । तत्कालीन माओवादी केन्द्रबाट चुनाव जितेका उनी संसदीय दलका सर्वसम्मत नेता बने र सुदूरपश्चिम प्रदेशका पहिलो मुख्यमन्त्रीको जिम्मेवारी सम्हाले । पाँच वर्षको कार्यकाल पूरा गरेपछि उनले पूर्वमुख्यमन्त्रीको हैसियतलाई विशेष सुविधा वा प्रभावको माध्यम बनाएनन् । बरु श्रमलाई सम्मान गर्दै व्यापार रोजे । भट्टको सपना किराना पसल चलाएर जीविका कमाउनु मात्र होइन । उनी सुदूरपश्चिमका रैथाने अन्न, अर्गानिक उत्पादन र स्थानीय किसानका वस्तुलाई बजारसँग जोड्ने केन्द्रका रूपमा यो पसललाई विकास गर्न चाहन्छन् ।

'हाम्रा गाउँमा उत्पादन धेरै छ, तर बजारको पहुँच छैन,' उनी भन्छन्, 'किसानले उत्पादनको उचित मूल्य पाउनुपर्छ, उपभोक्ताले सहज रूपमा गुणस्तरीय उत्पादन पाउनुपर्छ ।' भट्टको परिवारमा श्रीमती, दुई छोरी, एक छोरा र बुहारी गरी ६ जना छन् । सबैले पसलमा हात बाँड्छन् । व्यवसाय ठूलो छैन, आम्दानी पनि धेरै छैन, तर श्रम साझा छ ।' इमानदारीको रोटी सबैभन्दा मीठो हुन्छ,' उनी भन्छन्, 'सत्ताको फाइदा उठाएर कसैले तत्काल धेरै कमाउला, तर त्यसले अन्ततः कसैको पनि भलो गर्दैन ।'

सुदूरपश्चिमका पार्टी सहइन्चार्ज भएका भट्ट अहिलेको राजनीतिक अवस्थाप्रति चिन्तित छन् । उनका अनुसार छोटो-छोटो अन्तरालमा सरकार परिवर्तन भइरहँदा नागरिकमा प्रदेशप्रतिको विश्वास कमजोर बन्दै जान सक्छ ।

'हामीले नै समृद्धि र विकासको ढोका खोल्नुपर्छ,' उनी भन्छन्, 'अरूले गरिदेला भनेर पर्खेर हुँदैन । अहिले प्रदेशको अवस्था देख्दा चिन्ता लाग्छ ।'उनका अनुसार आगामी दिनमा प्रदेश सरकार गठन भए जनतामा फेरि आशा जगाउने गरी काम गर्नुपर्ने दायित्व राजनीतिक दलहरूमाथि छ ।

त्रिलोचन भट्ट मुख्यमन्त्री हुँदा पनि सादगी र सरल जीवनशैलीका लागि चिनिन्थे । पदबाट बाहिरिएपछि पनि त्यो स्वभाव परिवर्तन भएको छैन । आज उनी बिहान पसल खोल्छन्, ग्राहकसँग मूल्यको कुरा गर्छन्, स्थानीय उत्पादन बेच्ने प्रयास गर्छन् र राजनीतिमा पनि सक्रिय छन् ।

सत्तामा पुगेपछि र सत्ता गुमेपछि धेरै नेताको परिचय फेरिन्छ । तर त्रिलोचन भट्टको परिचय अहिले पनि श्रम, इमानदारी र आत्मसम्मानसँग जोडिएर आउने गर्दछ ।

कांग्रेसको राष्ट्रिय भेला नरोकिने, देउवाले सम्बोधन गर्ने

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २२ साउन

नेपाली कांग्रेसका पूर्वमहामन्त्री एवम् राष्ट्रिय भेला आयोजक समितिका संयोजक डा. शशांक कोइरालाले राष्ट्र सामु देखिएका चुनौतिहरुको सामना गर्न र नेपाली कांग्रेसका सम्पूर्ण साथीहरुलाई एकतावद्ध गर्नु भेलाको मूल उद्देश्य रहेको बताएका छन् ।

राष्ट्रिय भेला आयोजक समितिका तर्फबाट पत्रकार सम्मेलन गर्दै संयोजक डा कोइरालाले राष्ट्रियता, लोकतन्त्र र समाजवादका



मूलभूत सिद्धान्तमा आधारित भई पार्टीलाई नयाँ कार्यदिशा सहित नयाँ जीवन दिने दृढ संकल्प व्यक्त गरेका छन् ।

पत्रकार सम्मेलनमा डा कोइरालाले मुलुकको वर्तमान राजनीतिक परिस्थितीमा पार्टीको सम्पूर्ण एकता सहित भावी कार्य दिशा तय गर्न श्रावण २९-३१ गतेसम्म काठमाण्डौमा आयोजना गरिएको राष्ट्रिय भेला नरोकिने पनि स्पष्ट पारे ।

उनले सो भेलालाई सभापति शेरबहादुर देउवाले सम्बोधन गर्ने उल्लेख गरेका छन् । डा कोइरालाले कांग्रेस केन्द्रीय कार्यसमितिको आधिकारिता सम्वन्धी मुद्दामा सर्वोच्च अदालतले पुनरावलोकनका लागि दिएको अनुमतिलाई स्वागत गर्दै पुनरावलोकनबाट आफूहरूले न्याय प्राप्त हुने कुरामा विश्वस्त रहेको बताएका छन् ।

लुम्बिनीमा 'एकीकृत सूचना पोर्टल' कार्यान्वयन हुँदै

❐ काँक्रेविहार संवाददाता
रूपन्देही, २२ साउन

लुम्बिनी प्रदेश सरकारले प्रदेशका सम्पूर्ण सरकारी सेवा तथा सूचनालाई एकै स्थानबाट उपलब्ध गराउने उद्देश्यले एकीकृत प्रदेश पोर्टल कार्यान्वयनमा ल्याउने भएको छ ।

यसबाट नागरिकले मन्त्रालय वा निकायअनुसार छुट्टाछुट्टै वेबसाइट खोज्नुपर्ने झन्झट हट्ने र एकै स्थानबाट आवश्यक सेवा तथा सूचना प्राप्त गर्न सक्नेछन् ।

मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको सूचना तथा सञ्चार प्रविधि परिषदको बैठकमा प्रदेश सरकारका सूचना तथा सेवा प्रणालीलाई प्रविधिमैत्री, सुरक्षित, पारदर्शी र नागरिकमैत्री बनाउने विषयमा विस्तृत छलफल तथा प्रस्तुतीकरण गरिएको हो ।

बैठकमा चालु आर्थिक वर्षमा सूचना प्रविधिको पूर्वाधार विकास तथा स्तरोन्नतिका लागि विभिन्न महत्वपूर्ण कार्यक्रम सञ्चालन गरिने जानकारी दिइएको छ । प्रदेश सरकारले एकद्वार प्रदेश पोर्टल सञ्चालनमा ल्याउने भएको हो । उक्त पोर्टलमार्फत प्रदेश सरकारका सबै मन्त्रालय तथा



निकायका सेवा, सूचना र डिजिटल सेवामा एकै स्थानबाट पहुँच स्थापित हुनेछ । त्यसैगरी, एकीकृत सूचना पोर्टल रिडिजाइन तथा अपग्रेड गरिने, भ्वाइस र किवर्डमार्फत सूचना खोज्न सकिने सुविधा विकास गरिनेछ भने गुनासो व्यवस्थापन प्रणालीलाई समेत थप प्रभावकारी बनाइने जनाइएको छ । यसबाट प्रदेश सरकारका सबै सूचना एआई प्रविधिमार्फत भ्वाइस र किवर्डमार्फत खरिद र सेवा सम्वन्धि कार्य एकै स्थानबाट प्राप्त गर्न सकिने जनाइएको छ ।

प्रदेश सरकारका वेबसाइटहरूको फ्रेमवर्क स्तरोन्नति गरिने, यसक्रममा वेबसाइटलाई अपाङ्गतामैत्री बनाइने, प्रणालीमा रहेका प्राविधिक कमजोरी हटाइने तथा साइबर अपराध र अनधिकृत पहुँचबाट सरकारी सूचना प्रणालीलाई सुरक्षित बनाइने योजना रहेको छ । बैठकमा सूचना तथा सञ्चार प्रविधि परिषद्का कार्यकारी निर्देशक अनुप बाँस्कोटाले गत आर्थिक वर्षका उपलब्धिहरू प्रस्तुत गर्दै प्रदेशका विभिन्न निकायका सेवा अटोमेसनका लागि आवश्यकता संकलन गरिएको, अडियो-भिजुअल किट तयार गरिएको, सात वटा संस्थाको वेबसाइट माइग्रेसन सम्पन्न गरिएको तथा ४५ भन्दा बढी सार्वजनिक निकायलाई सूचना प्रविधिसम्बन्धी सेवा उपलब्ध गराइएको जानकारी दिए ।

एक वर्षमा बैङ्किङ कसुर सबैभन्दा धेरै



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २२ साउन

प्रहरी कार्यालयहरूमा पछिल्लो १ वर्षमा ६१ हजार ०१६ वटा कसुर दर्ता भएको छ । आर्थिक वर्ष २०८२/०८३ मा ६१ हजार ०१६ अपराधका घटना दर्ता भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । शुक्रबार प्रहरी प्रधान कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्रहरी प्रवक्ता (डीआईजी) अबिनारायण काफ्लेले सबैभन्दा धेरै मुद्दा बैङ्किङ कसुरसँग सम्बन्धित रहेको बताए ।

सबैभन्दा धेरै कसुर काठमाडौं उपत्यकामा दर्ता हुने गरेको छ । काठमाडौं उपत्यकामा १५ हजार २ ९७ अपराधका घटना दर्ता भएको छ ।

देशभर बैङ्किङ कसुरसँग सम्बन्धित १२ हजार ९५० वटा जाहेरी दर्ता भएका छन् । काठमाडौं उपत्यकामा बैङ्किङ कसुरका ६ हजार २२ वटा जाहेरी दर्ता भएका छन् । कर्णाली प्रदेशमा ३५५ वटा बैङ्किङ कसुरका जाहेरी दर्ता भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रेस...

बताए । उनले अहिले सञ्चार जगत्ले भोगिरहेका चुनौतीलाई सम्बोधन गर्नेगरी कानुन बन्ने स्पष्ट पारे । प्रेस काउन्सिलको संरचना, सदस्य सङ्ख्या तथा कार्यप्रणालीसम्बन्धी विषयलाई उत्कृष्ट अन्तरराष्ट्रिय अभ्याससमेतलाई आधार बनाएर विधेयक मस्यौदामा राखिने उनको भनाइ थियो । सञ्चारमन्त्री डा तिमिल्सिनाले पछिल्लो समय सञ्चारमाध्यमप्रतिको विश्वसनीयता घट्दै गएको सन्दर्भमा गलत सूचना (मिसइन्फरमेसन), भ्रामक सूचना, डिपफेक, कृत्रिम बौद्धिकतामार्फत सिर्जित सामग्री तथा पित पत्रकारिताले समाजमा पारेको प्रभावलाई कानुनमार्फत सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याए ।उनले जिम्मेवार पत्रकारिताले सरकार र सम्पूर्ण समाजलाई सही दिशामा अघि बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले नियमन र स्वतन्त्रताबीच सन्तुलन आवश्यक रहेकोसमेत बताइ । छलफलमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले मिडिया काउन्सिल विधेयकमा सामाजिक सञ्जाल र सञ्चारमाध्यमको अधिकारक्षेत्र स्पष्ट रूपमा छुट्याइनुपर्ने बताइन् । उनले यसअघि नै पत्रकार महासङ्घ र प्रेस काउन्सिलले सरकारलाई दिएका सुझावलाई पनि विधेयकमा समेट्न आग्रह गरिन् । अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दा अरूको अधिकार हनन हुन नहुने, काउन्सिलमा प्रदेशको प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने उनको भनाइ थियो ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

विविध

शनिवार, २३ साउन, २०८३
Saturday, 8 Aug 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

कर्णाली विकास बैङ्कका पूर्व प्रमुख कार्यकारी अधिकृत शाहसहित तीन जना पक्राउ

❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २२ साउन



तीन अर्ब ११ करोड रुपियाँभन्दा बढीको आर्थिक हिनामिना भएको कर्णाली विकास बैङ्कका तत्कालीन प्रमुख कार्यकारी अधिकृत (सीईओ) निरजविक्रम शाहसहित तीन जनालाई जिल्ला प्रहरी कार्यालय बाँकेले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बैङ्कका तत्कालीन प्रमुख कार्यकारी अधिकृत निरजविक्रम शाह, उहाँकी पत्नी शुभेच्छा श्रेष्ठ तथा कर्णाली विकास बैङ्कको नेपालगन्ज शाखाकी तत्कालीन शाखा प्रबन्धक दीपा थापा रहेका छन्। उनीहरूलाई नेपालगन्जबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रतीतसिंह राठौरले जानकारी दिए।

उनले कर्णाली विकास बैङ्कमा हिनामिना गरेको आरोपमा फरार रहेका उनीहरूलाई अदालतको पक्राउ पुर्जी अनुसार पक्राउ गरी अदालतमा पठाइएको जानकारी दिए। उक्त घोटालामा संलग्न रही फरार रहेका अन्य धेरै जनाको अझै पनि खोजी भइरहेको सूचना अधिकारी राठौरले बताए।

जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार कर्णाली विकास बैङ्कमा तीन अर्ब २० करोड ११ लाख रुपियाँभन्दा बढीको घोटाला गरेको भन्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालय बाँकेले उच्च अदालत तुलसीपुरको नेपालगन्जस्थित वाणिज्य इजलासमा १०९ जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो।

सोही प्रकरणमा सुरुमै पक्राउ परेका बैङ्कका तत्कालीन प्रमुख कार्यकारी अधिकृत राजेन्द्रवीर रायसहित पूर्व अध्यक्ष पशुपतिदयाल मिश्र र वित्त शाखा प्रमुख वेदप्रकाशसिंह ठकुरीलाई उच्च अदालत तुलसीपुर नेपालगन्जको वाणिज्य इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। उनीहरू अझै नेपालगन्ज कारागारमा छन्।

डाक्टरले चन्दा उठाएर बचाए ज्यान

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २२ साउन



वीर अस्पतालस्थित नयाँ भवनको तेस्रो तलामा बिरामीको चाप छ। कोही 'बेड' नपाएर तनावमा छन्। कोही दुखाइको छटपटीमा छन्। कोही बिरामी भेट्न जानेहरु छन्, कोही आफ्ना बिरामीको अवस्था देखेर हतासमा छन्। कोही उपचारपश्चात् घर फर्कने तयारी छन्। ओहोरदोहोर गर्नेको बाक्लै भीड छ। त्यही तलाको 'बेड' नम्बर ३४९ मा छन्, कालीकोट स्थायी घर भई काठमाडौंस्थित डल्लुमा बस्ने अनिल दमाईं। गत शनिबार राति करिब १०:०० बजेको समय थियो। खाना खाएर उनी सुत्ने तर्खरमा थिए। अचानक पेटमा असह्य पीडा सुरु भयो। केहीबेरमै उनको शरीर पसिनाले निथ्रुक्क भिज्यो। श्वास फेर्न गाह्रो हुन थाल्यो। पीडा यति असह्य थियो कि उनलाई आफू अब बाँच्दिन कि भन्ने लाग्न थाल्यो तर पनि उनले एक घण्टासम्म आफ्नो पीडा परिवारसँग लुकाए। श्रीमती नआत्तिउन्, घरका सदस्यहरू डराउन नपरोस् भन्ने सोचले उनी चुपचाप छटपटाइरहे। पीडा झन् बढ्दै गएपछि अन्ततः उनले श्रीमतीलाई भने "अब मरे पनि सरकारकै अस्पताल (वीर अस्पताल) मै मरुँला।" घरमा खोज्दा जम्मा २० रुपैयाँ रहेछ। औषधि किन्ने त परको कुरा, अस्पताल पुग्ने खर्चसमेत थिएन। छिमेकीसँग ५०० रुपैयाँ सापटी लिएर उनले श्रीमती लिएर ट्याक्सी चढे। "अरू समय डल्लुदेखि वीर अस्पताल पुग्नका लागि ट्याक्सीले ३०० जति लिने गर्थे। रातमा महँगो लाग्छ भनेर ५०० नै लिएँ। दुई सय फिर्ता दिनुस् न भनेर आग्रह गरेको ट्याक्सी चालकले मिल्दै भने। निर्दयी रहेछन्", दमाई भन्छन्। वीर अस्पताल पुग्दासम्म उनीहरूका साथमा रु २० बाँकी रहेछ। अस्पतालको आकस्मिक कक्षमा पुगेपछि अर्को पीडाले सतायो। उनीहरुका साथमा टिकट काट्ने पैसा थिएन। उपचार सुरु गराउने प्रक्रिया नै रोकियो। अनिलको पेटको पीडा बढ्दै गइरहेको थियो। उनी छटपटाइरहे। बिहानसम्म उनको अवस्था झन् जटिल बन्न थाल्यो। "म त बाँच्दिन होला। पीर नगर्नु। राम्रोसँग बच्चा हेर्नु", अनिलले श्रीमतीलाई अर्थ्याए।

'राज्य चलाउन बालेन सरकारको ढंग पुगिरहेको छैन'

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २२ साउन



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मनिष झाले राज्य प्रणाली सञ्चालनमा ढंग पुऱ्याउनुपर्ने बताएका छन्। शुक्रबारको प्रतिनिधिसभा बैठकमा उनले राज्यप्रतिको भरोसा र राष्ट्रप्रतिको आत्मविश्वास मूल मन्त्र राखेर राज्य सञ्चालन गर्दा उपलब्धि हासिल हुने धारणा राखे।

उनले वालेन्द्र शाह नेतृत्वको सरकारको ढंग नपुगेको हो कि भन्ने आफूलाई लागेको सुनाए। 'इन्टिगिटीमा कुनै शंका छैन। इन्टेन्सनमा पनि प्रश्न छैन। तर, कताकता ढंग नपुगेको हो कि भन्ने लाग्छ। त्यो स्वीकार गर्नुपर्छ,' उनले भने। झाले आफूलाई थाहा नभएको कुरा अरुबाट सिक्नुपर्ने बताए। 'मलाई के थाहा छैन भन्ने कुरा आफूले जान्नुपर्दछ। त्यो कुरा सिक्नुपर्दछ,' उनले भने।

त्यस्तै, उनले सरकारको दिगोपनको स्टेक होल्डर नै असुरक्षित भएको बताए। मधेश, प्रवाश र निजीक्षेत्र असुरक्षित हुनु दुर्भाग्य भएको टिप्पणी गरे। 'मधेशमा हालै आगो बल्यो। जसोतसो निभाउन सक्यौं। म सरकारलाई यहींबाट सन्देश दिन चाहन्छु, आगो निभेको हो, दाउरा निभेको छैन,' उनले भने।

विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छ:
सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री दिपेन्द्र प्रसाद घिमिरे** धनी रहेको, **दर्ता नम्बर ३६५६** बाट **बराहताल-५ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **दिपक होटल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री नन्दाकली नेपाली** धनी रहेको, **दर्ता नम्बर ४९२५/०७५/०७६** बाट **वीरेन्द्रनगर-१२ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री विनिता होजियारी उद्योग** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)